# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

### सूचना -१

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय खोप कार्यक्रम सञ्चालनको लागि GAVI Fund (UNICEF) बाट स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाको नाममा प्राप्त हुने अमेरिकी डलर १,४२,१७६.५० (एक लाख बयालिस हजार एक सय छयत्तर सेन्ट पचास) मूल्य बराबरको स्वास्थ्य सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय मिति २०८१।०३।२० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना -२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सामुदायिक श्री रामरेखा आधारभूत विद्यालय, बागलुङको नाममा आयात हुने अपाङ्गता भएका बालबालिकाले प्रयोग गर्ने भारतीय मुद्रा १०,९९,९९९.०५ (दश लाख उनान्सय हजार नौ सय उनान्सय पैसा पाँच) मूल्य बराबरको एक वटा स्कुल भ्यानमा पचहत्तर प्रतिशत भन्सार महसुल छुट दिई मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क छुट दिने निर्णय मिति २०८१।०३।२५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना -३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी विश्व खाद्य कार्यक्रम नेपालको सहयोगमा (बझाङ, बाजुरा र दार्चुला) जिल्लाका सामुदायिक प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा ६ सम्मका बालबालिकाहरुलाई विद्यालय दिवा कार्यक्रम सञ्चालनका लागि संयुक्त राज्य अमेरिकाबाट वस्तुगत सहायता अन्तर्गत प्राप्त हुने अमेरिकी डलर ९,४४,९८४.०० (नौ लाख चवालिस हजार नौ सय चौरासी) मूल्य बराबरको खाद्य सामग्री पैठारी गर्दा लाग्ने कर तथा महसुल छुट दिने निर्णय मिति २०८१।०३।२७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**बलसागर गिरी**
**सहसचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।